जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः ११, अंकः २३६ पृष्ठः ४ | २०८१ माघ ०२ गते बुधबार (Wednesday 15 Jan. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## भन्सार छलीका सामानसहित दुई पक्राउ

**सञ्जयकुमार मिश्र**

रौतहट, १ माघ। भन्सार छलीका सामानसहित प्रहरीले रौतहटको दुर्गाभगवती गाउँपालिका ५ बागमती नदी किनारबाट दुई जनालाई पक्राउ गरेका छन्। प्रहरी चौकी वडहर्वाबाट खटेको गस्ती टोलीले बागमती नदी किनारस्थित भारतिय नम्बरको बिआर ३० डि २३२२ र बिआर ३० एस ३३८३ नम्बरको मोटरसाइकललाई रोकी चेकजाँच गर्दा भन्सार छलीका एक लाख ३९ हजारको सामानसहित दुई जनालाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा दुर्गाभगवती गाउँपालिका ५ बस्ने किशारी चौधरी कलवार र सुरेश साह तेली रहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ। उनीहरुबाट अवैध रुपले भन्सार

**–बाँकी तीन पेजमा**

## माघे सङ्क्रान्तिमा साधुलाई न्यानो कपडा

**जीवछ यादव**



लहान, १ माघ। लायन्स क्लब अफ फूलबारी लहानले साधु सन्तलाई बिहान भोजन गराएर न्यानो कपडा वितरण गरेको छ। लहान –७ स्थित रहेको दुर्गा मन्दिरको अगाडि स्थानीय ८० जना विपन्न बालबालिका र साधु सन्तलाई भोजन गराउनुका साथै कपडा वितरण गरिएको क्लबका अध्यक्ष शंकरप्रसाद गुप्ताले जानकारी दिए। वातावरण स्वास्थ्य शिक्षा र विपन्न समुदायलाई आवश्यक सहयोग गर्दै आइरहेको लहान लायन्स क्लब फूलबारीले मानवीय विपत्तिको समयमा समेत उदाहरणीय काम गरिरहेको लहान–७ का वडाध्यक्ष रामऔतार शर्माले बताए। उनले भने, 'स्थानीय सरकारसँगको सहभागितामा विपन्न असहायलाई सेवा गर्ने कार्यलाई निरन्तरता दिइरहन क्लबको भूमिका सराहनीय रहँदैआएको छ।'

लहानमा विपद् जोखिम नियन्त्रणको लागि लहान नगरपालिकामा रहेको विपद् व्यवस्थापन समिति र लहानका गैर सरकारी संघ संस्थाहरु मिलेर विपन्न समुदायहरुलाई सहयोग पुऱ्याउन सहयोगी कपडा बैंक स्थापना गर्नुपर्ने आवश्यकता रहेको लायन्स क्लब अफ फूलबारीका संस्थापक अध्यक्ष राकेशकुमार झाले बताए।

यस्तै, थारू कल्याणकारिणी सभा सिरहाले जिल्लाको ६ स्थानमा माघी पर्व महोत्सवको आयोजना गरेर थारु समुदायले आफ्नो भाषा संस्कृतिको पहिचान र विकासका लागि जागृत गर्न लागेको समितिका अध्यक्ष सत्यनारायण चौधरीले जानकारी

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## अपहरित बालकको सफल उद्धार, हतियारसहित तीनजना पक्राउ

जनकपुर, १ माघ। जिल्ला प्रहरी कार्यालय, सर्लाहीले अपहरित १५ वर्षीय भारतिय बालकको सफल उद्धार गर्दै तीन जना अभियुक्तलाई पक्राउ गरेको छ। पुस २८ गते करिब १ बजे भारतिय बालकलाई बन्धक बनाई राखेको सूचनाको अधारमा अभियुक्तहरूलाई नियन्त्रणमा लिएर ब्रहमपुरी गाउँपालिका–४ स्थित भारतीय सीमा क्षेत्रबाट उद्धार गरिएको हो। अपहरणको घटना नेपाल–भारत सीमावर्ती क्षेत्रबाट भइरहेको सूचना प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय, सर्लाहीको टोलीले विशेष निगरानी गर्दै बालकलाई सकुशल उद्धार गरेको हो। पक्राउ पर्नेमा ब्रहम्पुरी गाउपालिका ४ बस्ने रामजी साह, सोही ठाउका विक्रम पासवान र भारत बिहार मुसहर्निया बस्ने प्रवचन साह रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। उनीहरुले राखेको कट्टुवा पेस्तोल १, गोली २, धारिलो हतियार (चक्कु) १, मोबाइल फोन र BR०६BT२८५० नम्बरको मोटरसाइकल बरामद गरिएको हो।

पक्राउ परेका अभियुक्तहरूमाथि थप अनुसन्धानका लागि सर्लाही जिल्ला अदालतबाट ७ दिनको

**–बाँकी तीन पेजमा**




**CITY TRADE CONCERN**
Hero Showroom Lahan-3, Global Bank को तल, पूर्व बस स्टेण्ड
Contact No. 033-565201, 565202, 9852831698

**सार्वजनिक सेवा लिँदा ध्यान दिऊँ**

- सेवाग्राहीले आफूले लिन चाहेको सेवाको वारेमा जानकारी राखौं,
- सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात यकीन गरौं,
- आफुले प्रदान गर्ने सेवाका सम्बन्धमा सेवा प्रदान गर्ने निकायले राखेको नागरिक वडापत्रमा उल्लेखित विषयमा ध्यान दिऊँ,
- सेवा लिन जाँदा कर्मचारीहरूसँग विनम्र व्यवहार गरौं,
- कर्मचारीहरूलाई कुनै अनुचित प्रलोभन नदेखाऔं,
- कर्मचारीले काममा ढिलासुस्ति गरी कुनै माग वा शर्त राखे तत्काल कार्यालय प्रमुख वा सम्बन्धित निकायमा जानकारी गराऔं,
- सेवा प्रवाहसम्बन्धी केही गुनासो भए गुनासो पेटीका वा गुनासो सुन्ने अधिकारी समक्ष राखा
- सचेत र सभ्य नागरिकको भूमिका निर्वाह गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सार्वजनिक सेवा प्रसारणमा सरकारी नियन्त्रण कायमै

सरकारी स्वामित्वका विद्युतीय सञ्चार माध्यमहरू रेडियो नेपाल र नेपाल टेलिभिजनलाई गाभेर सार्वजनिक सेवा प्रसारणको पूर्वाभ्यास गरिएको छ। सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ मा 'प्रतिस्पर्धी र उत्तरदायी सार्वजनिक सेवा प्रसारण संस्था' स्थापना र सञ्चालन गरिन लागेको हो। लोकतन्त्रमा सरकारले सञ्चार माध्यमहरू सञ्चालन गर्नु उचित कि अनुचित भन्ने विषय भइरहेकै छ। नेपालमा हाल सरकारले रेडियो, टेलिभिजन र छापा तीनै प्रकारका सञ्चार माध्यम चलाइरहेको भए पनि सार्वजनिक सेवा प्रसारणमा रेडियो नेपाल र नेपाल टेलिभिजनमात्र समेटिएका छन्। सार्वजनिक सेवा प्रसारण ऐन, २०८१ को प्रस्तावनामा जे लेखिएको भए पनि यसको सार्वजनिक सेवा प्रसारणसंस्था सरकारकै पूर्ण नियन्त्रणमा रहिरहने देखिन्छ। यसैले रेडियो नेपाल वा नेपाल टेलिभिजनको अहिलेको प्रसारणमा तात्त्विक परिवर्तन नहुने सम्भावना नै बलियो छ।

अहिले सार्वजनिक क्षेत्रका सञ्चार माध्यमहरू 'सरकारी मुखपत्र'का रूपमा रहेका छन्। सरकार फेरिएपिच्छे समाचारको 'स्वर' बदल्नु त यस्ता मुखपत्रहरूको विशेषता नै हो। यसैले साधन स्रोत र जनशक्तिका सापेक्षतामा सरकारी सञ्चार माध्यमहरूको साख भने निकै कमजोर छ। नेपालमा जनसञ्चारमा माध्यमको थालनी सरकारी स्वामित्वमा नै भएको हो। गोरखापत्र राणाकालमै छाप्न थालिएको थियो भने रेडियो नेपालको प्रसारण जनक्रान्तिका सन्दर्भमा भएको थियो। नेपाल टेलिभिजन पञ्चायतकालमा खुलेको हो। यसैले राज्यको स्वामित्वमा भए पनि यिनीहरूको प्रकृति सरकारी 'मुखपत्र'जस्तै रहेको हुनुपर्छ। नयाँ ऐन नै बनाएर थालिएको सार्वजनिक सेवा प्रसारणको पनि प्रकृति उस्तै हुने हो यो राज्यका लागि अर्को बोझमात्र पनि हुनसक्छ। सरकार वा विपक्षमा रहेका राजनीतिक दलको नेतृत्व हेर्दा यसको पनि प्रकृतिमा तात्त्विक फरक पर्ने अपेक्षा भने गर्न सकिँदैन।

सार्वजनिक भनिएका सञ्चार माध्यमहरू सरकार र सत्तामा रहेका दलहरूको नियन्त्रण र निर्देशनमा राख्ने अभ्यास अन्त्य गर्न सकेमात्र सार्वजनिक सेवा प्रसारण सार्थक हुनसक्छ। अन्यथा, यो अभ्यास रेडियो नेपाल र नेपाल टेलिभिजन सरकारमा रहेको दलको प्रचार संयन्त्रमै सीमित हुनेछन्। सार्वजनिक सेवा प्रसारण संस्था सरकारका गलत नीतिको आलोचना र मानव अधिकार उल्लंघनका घटना उजागर गर्न सक्षम भएमात्र यो निष्पक्ष एवं स्वायत्त भएको मानिनेछ। यो संस्था दलगत वा सरकारी प्रचार संयन्त्र होइन जनमुखी बन्न सकोस् र सरकारी विरोधीहरूका विरुद्ध दुष्प्रचार अस्त्र नबनोस् भन्ने शुभकामना !






# एचएमपिभी भाइरस र हाम्रो अवस्था

**डा शेरबहादुर पुन**

आजभोलि धेरै चर्चा अनि केही त्रसित बनाइरहेको एचएमपिभी भाइरसले समाचारमा विशेष स्थान बनाउँदै आइरहेको छ। अझ भारतीय सञ्चारमाध्यमहरुमा एकपछि अर्कोमा सङ्क्रमण पुष्टि हुँदै गइरहेको भन्ने समाचारले नेपालमा समेत यो भाइरसप्रति चासो हवात्तै बढेको देखिन्छ। यो भाइरसले खासगरी हालै चीनमा सयौँ मानिस बिरामी बनाएको, अस्पताल भरिएको, अनि मृत्युसमेत गराइरहेको भनिएको छ। चीनमा नै पहिलोपटक देखिएको कोभिड-१९ ले नेपाललगायत विश्वमा हजारौँ मानिसको मृत्यु गराएको केही वर्ष मात्र भएको हुँदा फेरि चीनमा फैलिएको भनिएको यो भाइरसले कतै कोभिड-१९ को बेलामा जस्तो अवस्था फर्काउने त होइन ? भन्ने चर्चा, जिज्ञासा अनि त्रासले सबैलाई तरङ्गित बनाएको छ। वास्तवमा चीनमा देखिएको भनिएको भाइरस के हो ? बन्दाबन्दी (लकडाउन)को सम्भावना कति छ ? कोभिड-१९ मा जस्तै मानवीय क्षति भोग्नुपर्ने अवस्था सिर्जना हुने त होइन भन्ने जस्ता जिज्ञासाहरु यतिबेला सर्वसाधारणमा उत्पन्न भएको देखिन्छ।

**कस्तो हो एचएमपिभी भाइरस ?**

एक शब्दमा भन्नुपर्दा रुघाखोकी गराउने भाइरस हो भन्न सकिन्छ। खासगरी 'कमन कोल्ड' वा 'फ्लु'को जस्तो लक्षणहरु यो भाइरस सङ्क्रमित बिरामीमा देखिने गर्दछ। अर्थात् यो भाइरसलाई श्वास-प्रश्वाससँग सम्बन्धित सङ्क्रमण पनि भन्न सकिन्छ। यो भाइरस पहिलोपटक सन् २००१ मा मानवमा पुष्टि भएको थियो। विशेषतः बालबालिकाहरु यो भाइरसबाट प्रभावित हुने भनिएता पनि ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरु पनि उत्तिकै प्रभावित हुन सक्ने विभिन्न अनुसन्धानहरुले देखाएका छन्। जाडो महिनामा यो भाइरस बढी सक्रिय हुने भए पनि १२ महिना नै देखिने गर्दछ। सङ्क्रमण गरेको तीनदेखि छ दिनमा लक्षणहरु देखिने गर्दछ। सुरुआतीमा खोकी लाग्ने, ज्वरो आउने, घाँटी दुख्ने, नाकबाट पानी आउने वा बन्द हुने तथा श्वास-प्रश्वासमा समस्या देखिने गर्दछ। निमोनिया, ब्रोनकाइटिसजस्ता जटिलताहरु देखिने गर्दछ। यो विशेषतः सङ्क्रमित व्यक्तिले खोक्दा वा हाच्छिउँ गर्दा, हात मिलाउँदा, संक्रमित व्यक्तिको मुखको छिटा कुनै वस्तुमा रहेको र अर्को व्यक्तिले सो वस्तु छोएर सो हातले नाक, मुख अनि आँखामा छुँदा यो भाइरस सर्न सक्दछ।

एचएमपिभी भाइरसविरुद्ध विशेष एन्टीभाइरल औषधि छैन भने खोपको विकास पनि भइसकेको छैन। लक्षण तथा जटिलताका आधारमा यसको उपचार हुने गर्दछ। यो भाइरसको सङ्क्रमणबाट बच्न विशेषगरी व्यक्तिगत सरसफाइमा नै ध्यान दिनु हो। यसको सर्ने तरिका धेरै हदसम्म कोभिड-१९ को जस्तै भएकाले बच्ने उपाय पनि उस्तै हुने गर्दछ। हात साबुनपानीले कम्तीमा २० सेकेन्डसम्म धुने, सङ्क्रमित व्यक्तिको नजिक नजाने, हातलाई नाक, मुख र आखामा घरिघरि नलग्ने, खोक्दा वा हाच्छिउँ गर्दा हातको बाहुलीले छोपेर मात्र गर्ने, सार्वजनिकस्थलमा सकेसम्म नजाने र जानैपर्ने अवस्थामा मास्क लगाउने र फर्केपछि राम्ररी हात साबुनपानीले धुने गर्नुपर्दछ।

**कस्तो छ छिमेकी मुलुकमा एचएमपिभी भाइरसको प्रभाव ?**

अहिलेसम्म न त चीन सरकार न त विश्व स्वास्थ सङ्गठनले नै अधिकारिक रुपमा एचएमपिभी भाइरसले गर्दा चीनमा महामारीको अवस्था सिर्जना भएको छ भनेर स्वीकार गरेको छ। अझ हालै रोयटर्सको 'फ्याक्ट चेक'को विश्लेषणले एचएमपिभी भाइरसले गर्दा चीनमा महामारीको अवस्था नआएको अनि स्वास्थ आपत्काल पनि घोषणा नगरिएको भन्ने तथ्य सार्वजनिक गरेको थियो। जाडो महिनामा विशेषतः श्वास-प्रश्वाससँग सम्बन्धित लक्षणहरू देखिने हुँदा त्यसका कारक मानिने फ्लु, कोभिड-१९, आरएसभी भाइरस, माइकोप्लाज्मा निमोनियाजस्ता सङ्क्रमणहरु भने देखिएको भनिएको छ। यी सङ्क्रमणहरु सामान्यतयाः हरेक वर्षजसो जाडो महिनामा चीनमा मात्र नभएर नेपाललगायत विश्वका विभिन्न देशहरूमा देखिने गर्दछ।

कोभिड-१९ 'प्यान्डेमिक'को समयमा भारतमा नयाँ 'भेरियन्ट' देखिँदा त्यसको केही हप्तामा नेपालमा पनि देखिने गर्दथ्यो। त्यसो हुनाले चीनमा महामारीको रुप लिएको भनिएको एचएमपिभी भाइरस भारतमा पनि देखिएको समाचारले पक्कै पनि नेपाल तरङ्गित नहुने भन्ने कुरै भएन। तर एचएमपिभी भाइरस भारत तथा नेपालका लागि कुनै नौलो भाइरस भने होइन। यो भाइरस वास्तवमा विगतका वर्षहरुमा गरिएका विभिन्न अनुसन्धानबाट समुदायमा रहेको पुष्टि हुँदै आइरहेको थियो।

नेपालमा गरिएका केही अनुसन्धानहरुले चारदेखि १३ प्रतिशतसम्म बिरामीमा यो भाइरस पुष्टि हुने गरेको देखाएको छ। यस अर्थमा पनि हाल भारतमा एकपछि अर्को एचएमपिभी भाइरस देखिनुमा कुनै विशेष वा त्रसित हुनुपर्ने आधार देखिँदैन। जाडो महिनामा यो भाइरसको परीक्षण नियमित गर्ने हो भने हरेक वर्षजसो नै देखिने सम्भावना प्रबल रहन्छ। नेपालमा पनि अहिले ( जाडो महिनामा) परीक्षण गर्ने हो भने भारतमा जस्तो एकपछि अर्कोमा देखिने सम्भावना रहन्छ।

यस हिसाबले भाइरस देखिनु आफैँमा महत्वपूर्ण वा त्रसित हुनुपर्ने अवस्था होइन तर यसको प्रभावले ठूलो प्रकोपको रुप लिन्छ वा लिँदैन भन्ने कुरा विशेष रुपमा लिनुपर्दछ। यद्यपि, सङ्क्रमण हुनु आफैँमा राम्रो भने होइन। तसर्थ, यसबाट बच्ने उपायलाई भने कार्यान्वयन गर्नु उचित हुन्छ किनभने बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएकाहरुका लागि भने कहिलेकाहीँ यो भाइरसले घातक अवस्था सिर्जना गर्न सक्दछ।

**कस्तो अवस्थामा हुन सक्छ एचएमपिभी भाइरस बढी सङ्क्रामक ?**

कुनै पनि सरुवा रोग कहिले पनि बढी सङ्क्रामक वा घातक हुँदैन भन्न सकिँदैन। कतिपय सङ्क्रमणहरू कहिले सामान्य त कहिले घातक हुने गरेको विगतका अनुभवहरु छन्। विशेषतः सङ्क्रमणको जिनमा नै परिवर्तन भए बढी सङ्क्रामक वा घातक हुने सम्भावना बढेर जान्छ। जस्तैः कोभिड-१९ निरन्तर र छिटो-छिटो जिनमा परिवर्तन हुँदा/देखिँदा बहु-लहर देखिनाका साथै थप सङ्क्रामक वा घातक भेरियन्टका रुपमा जन्म भएको थियो।

यसर्थ, एचएमपिभी भाइरसमा यस्तै (कोभिड-१९ मा जस्तै) अवस्था नआउला भन्न सकिँदैन। श्वास-प्रश्वाससँग सम्बन्धित भाइरसहरु विगतमा अनि भविष्यमा पनि सम्भावित प्यान्डेमिक सङ्क्रमणका रुपमा हेरिँदै आइरहेको रोग हो। हाल एचएमपिभी भाइरसलाई सामान्य रोगका रुपमा लिएको भए तापनि भविष्यमा बढी सङ्क्रामक तथा घातक नहोला भनेर भन्न सकिने अवस्था होइन। तसर्थ, यो भाइरसको नियमित र निरन्तर निगरानी आवश्यक देखिन्छ।

अन्तमा, एचएमपिभी भाइरस खासगरी जाडो महिनामा बढी सक्रिय भई फ्लुजस्तो लक्षण देखाउने एक सरुवा रोग हो। हाल चीनमा यो भाइरसलाई महामारीको कारक मानिएको हल्ला व्यापक भए पनि यसको विश्वसनीय अधिकारिक पुष्टि भने हुन सकेको छैन। भारत तथा नेपालका लागि यो भाइरस नौलो होइन। तसर्थ, हाल भारतमा एकपछि अर्कोमा देखिँदै आइरहेको भनिएको एचएमपिभी भाइरस अनुमानित नै मान्नुपर्दछ।

तर भारतमा अस्वाभाविक अस्पताल भर्ना गर्नुपर्ने बिरामी संख्यामा वृद्धि वा मृत्यु भएको अवस्था नदेखिएमा नेपाल त्रसित हुनुपर्ने कुनै आधार देखिँदैन। नेपालमा जाडो महिना लागेसँगै बालबालिकाहरुमा फ्लुको जस्तो लक्षणहरु देखिन सुरु भइसकेको छ। तसर्थ, नेपालमा पनि फ्लुसँगसँगै एचएमपिभी भाइरसको प्रयोगशाला परीक्षण गरियो भने भारतमा जस्तै नेपालमा पनि एकपछि अर्कोमा यो भाइरस नदेखिएला भन्न सकिँदैन, जुन हाम्रो लागि अनुमानित मान्नुपर्दछ। *लेखक शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुनुहुन्छ)*

# सरकारको ६ महिना अलमलमै, सेवाप्रवाह सहज बनाउनेदेखि अर्थतन्त्र चलायमान बनाउने घोषणा कागजमै सीमित

**दीपक आचार्य**

काठमाडौं, १ माघ। संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले मिलेर सरकार गठन भएको ६ महिना पूरा भएको छ। चौथो पटक प्रधानमन्त्री बनेका केपी शर्मा ओलीले अर्थतन्त्र चलायमान बनाउने, सुशासन कायम गर्नेदेखि संविधान संशोधन गर्नेसम्मको लक्ष्य सार्वजनिक गर्नुभएको थियो। तर दुई दलबीच भएको सहमति र प्रधानमन्त्री ओलीले गरेको दाबी अनुसार सरकारले काम गर्न सकेको छैन। जनताले परिवर्तनको महसुस समेत गर्न पाएका छैनन्। कांग्रेससँग गठबन्धन बनाएर गत असार ३० गते एमालेका अध्यक्ष केपी शर्मा ओलीले चौथो पटक प्रधानमन्त्रीको शपथ लिनुभएको थियो। अघिल्लो गठबन्धन तोड्नका लागि कांग्रेस सभापति शेरबहादुर देउवा र एमाले अध्यक्ष ओलीबीच राजनीतिक स्थिरता, संविधान संशोधनदेखि सुशासनसम्मका ७ बुँदामा सहमति भएको थियो। जुन विषय प्रधानमन्त्री ओलीले संसदको रोस्ट्रममै उभिएर जानकारी दिनुभएको थियो। तर त्यो सहमति अहिलेसम्म कार्यान्वयन भएको छैन।

राजनीतिक स्थिरताका सहमतिको सरकार गठन गर्ने र संविधान संशोधन गर्ने भनिएकोमा अहिलेसम्म त्यसबारे औपचारिक छलफलसम्म भएको छैन। अझ पछिल्ला दिनमा प्रधानमन्त्रीले दिएका अभिव्यक्ति सुन्दा संविधान संशोधनको मुद्दाबाट सरकार पूरै पछि हटेको जस्तो देखिँदै छ। "जति उत्साहका साथ उहाँहरूले सरकार बनाउनुभयो, जनताको अपेक्षा पनि त्यति नै उच्च थियो। तर विगत ६ महिनालाई फर्केर हेर्दा त्यस्तो उल्लेखनीय ढंगले यो क्षेत्रमा चाहिँ सरकारले राम्रो गर्‍यो भन्ने मैले देखेको छैन", राजनीतिक विश्लेषक कृष्ण पोखरेलले बताउनुभयो। अर्थतन्त्र चलायमान बनाउने प्रतिबद्धता पनि पूरा भएको छैन।


-बाँकी तीन पेजमा

# योग, आरोग्य र समृद्धि

**एलपि भानु शर्मा**

योग एक पूर्ण मनुष्य बन्ने जीवन पद्दति हो। सर्वाङ्गीण स्वास्थ्यको विज्ञान हो। योग प्रत्येक मनुष्यको सबै दुःखबाट मुक्तिको साधन हो। विगत केही वर्षयता विश्वमा योग विज्ञानको प्रभाव र अभ्यास गर्ने व्यक्तिहरूको संख्यामा निरन्तर वृद्धि भइरहेको छ। पृथ्वीका सबै मनुष्यहरूले अब योग र अध्यात्मको लाभ लिन सक्नुपर्छ। योग साधना हाम्रो प्राचीन सभ्यताको मौलिक उपज हो। योग हाम्रो प्राचीन ज्ञानशास्त्रको महत्वपूर्ण विधा हो र यसले मानिसको शरीर, मन र कर्मलाई एकै स्थानमा अवस्थित गर्दछ। मन, शरीर र कर्मको दूरी हटाई एकरसता प्रदान गर्नु योग हो। योग जीवन जोड्नु वा स्थापित गर्नु हो। जोड दुई चरणमा सम्भव छ। पहिलो आफूभित्र रहेका सम्भावना र क्षमतासँग जोड्नु हो। क्षमता र सम्भावना मुख्यतः स्वास्थ्यको सम्भावना र सुख, शान्ति, प्रेम, आनन्द, समृद्धिको सम्भावना हामीभित्र लुकेको हुन्छ। मानिसलाई जे सम्भावना दिएको छ, त्यसको भरपुर उपयोग गर्नु नै योग हो। दोस्रो योगको माग जसरी आफ्नो क्षमतासँग जोडिन चाहन्छ, अरुलाई आफ्नो क्षमता र सम्भावनालाई जोड्न मद्दत गर्नु योग हो। हामी हरेक व्यक्ति आन्तरिक र बाह्य जीवन जिउन चाहन्छौं। योगको माध्यमबाट मात्रै आन्तरिक र बाह्य जीवनलाई योगलाई हामी प्रत्यिके व्यक्तिले जीवन पद्दति बनाउन सक्नुपर्छ। यसलाई व्यक्तिगत रुपमा मात्र नभई सामाजिक र सरकारी तहबाटै आत्मसात गर्नु आवश्यक छ। यस वर्षको योग दिवसको नारा'स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग' भन्ने रहेको छ। यो नारा हाम्रो देशको सन्दर्भमा निकै नै सान्दर्भिक रहेको छ। समाज स्वस्थ त्यतिखेर हुन्छ, जब हरेक व्यक्तिले योगदलाई प्रयोग गर्छन्। जब हामी योगको पद्दतिमा प्रवेश गर्छौं, रोग, अभाव समाप्त भएर जान्छ र त्यसले स्वभाविक रुपमा समृद्धि ल्याउँछ। हाम्रो योगको विज्ञान र विधिअनुसार अरुलाई सिकाउन थाल्यौं भने समृद्धि बढ्छ।

योगले आफूलाई सक्रिय र सजग बनाउँछ, सम्बन्ध बढाउन ऊर्जा बढाउने काम गर्छ भने स्वतः भाइचाराको विकास हुन्छ, बन्धुत्वको भाव आत्मिय रुपमा विकास हुन्छ। योगलाई व्यापक अर्थमा प्रयोग गर्न सकिन्छ। योगको पहुँच नेपालमा भएका आयुर्वेदिक पद्दति, प्राकृतिक चिकित्साका पद्दतिसँग रहेको छ। हाम्रा अमूल्य जडिबुटीहरू, मन्दिर, ध्यान



समुदायमा नेपालले जहिले पनि शान्ति र आरोग्यको कामना गर्दै आएको छ। विश्वमा अहिले आरोग्य पर्यटन बढ्दो छ। यसको फाइदा नेपालले लिन सक्नुपर्छ। यसले मुलुकको समृद्धिको साथै विश्व शान्तिमा पनि नेपालले योगदान गर्न सक्दछ। नेपालजस्तो हिमाली देशमा योग पर्यटनलाई प्रवर्द्धन गरेर विदेशी पर्यटकलाई आकर्षित गर्ने ठूलो सम्भावना छ। नेपालसँग प्राकृतिक, धार्मिक र सांस्कृतिक सम्पदाको प्रशस्त सम्भावना छ। यी सबै सम्पदाहरू आरोग्यसँग जोडिएका छन्। एक अध्ययनले सन् २०३० सम्म विश्वव्यापी रुपमा पर्यटनको २० देखि २५ प्रतिशत हिस्सा आरोग्य पर्यटनले ओगट्ने देखाएको छ। त्यसैले नेपाललाई आरोग्य गन्तव्यको रुपमा विकास गर्न सकिएमा पर्यटनको माध्यमबाट ठूलो फाइदा लिन सकिन्छ। विगतमा जस्तो पर्यटनलाई नहेरी सरकारले आरोग्य पर्यटनको नेतृत्व लिने गरी नीति, योजना र कार्यक्रमहरू बनाउनु आवश्यक छ। यसका लागि हामीसँग राम्रो क्षमता छ। आरोग्य पर्यटनबाटै मुलुकले अर्थतन्त्रको आधारविन्दुको रुपमा स्वीकार गरी घोषणा गरी अघि बढ्नुपर्छ। यसमा सरकार र निजी क्षेत्र दुवैको

नेपालको मौलिकता यस्तो छ कि यसका लागि हामीले अलग्गै पूर्वाधार वा अन्य प्रयासहरू गर्न जरुरी छैन, नेपालको उत्पत्तिसँगै विकास भएर आएका छन्, मात्रै हामीले त्यसलाई व्यवस्थित रुपमा सञ्चालन गरे पुग्दछ। त्यसैले नेपाल भ्रमणमा आउने पर्यटकहरू सुन्दर भाव लिएर फर्किन्छन्। नेपाललाई उनीहरू स्वास्थ्य र शान्ति प्राप्त गर्न सकिने देशको रुपमा लिने गर्छन्। तसर्थ, नेपालले योगलाई सांस्कृतिक र ऐतिहासिक रूपमा महत्व दिनु पर्दछ।

आज हामी ससाना समस्याहरूसँग पनि जुध्ने क्षमता गुमाइरहेका छौं। आफूभित्र रहेको अपार सम्भावनालाई खोज्न नसक्दा ठूलो युवा शक्ति विदेश पलायन भइरहेको छ। विदेशीहरूले हाम्रा होटल, होमस्टे, ध्यान केन्द्रहरूमा नै ठूलो ज्ञान शक्ति आर्जन गरिरहेका छन्।

**योग दिवसको सान्दर्भिकता**

नेपालमा पनि राष्ट्रिय योग दिवस प्रत्येक वर्ष जुन २१ मा विविध कार्यक्रमहरूको आयोजना गरेर मनाइन्छ। एको देश भएकाले यहाँको समाजमा यस दिनको विशेष प्रभाव छ। आफ्नो क्षमता जोडेर निर्णय गर्न सक्नु पनि योग हो। अब राजनीतिक विषयलाई लिएर प्रतिस्पर्धा, विरोध गर्ने होइन, योगको अभ्यास गरी आफू र राष्ट्रलाई समृद्ध हुनेतर्फ अग्रसर हुनु समयको आवश्यकता हो।

जोड्ने सकिन्छ। जसले जोड्न पहल गर्छ, यसको जीवनमा नेतृत्वकलाको पनि विकास हुन्छ। हरेक व्यक्तिभित्र नेतृत्व क्षमता हुन्छ। त्यस्तो क्षमता भनेकै योग हो।

योगको सरल, प्राकृतिक र मौलिक चरित्र हुन्छ। सरल यस अर्थमा कि योग जसले पनि गर्न सक्छ। यसमा कुनै जटिलता हुँदैन। हाम्रो शारिरीक संरचना नै योगको अभ्यास गर्ने गरी प्राकृतिक रुपमै निर्माण भएको छ। मौलिक यस अर्थमा कि योग हिमबत्खण्डबाट सिर्जित भएको विद्या हो। यो हाम्रो मौलिकता हो, सम्पत्ति हो र क्षमता पनि हो।

केन्द्रहरू, जात्रा-महोत्सवजस्ता धार्मिक सांस्कृतिक अवयवहरू योगसँग नै जोडिएका हुन्छन्। नेपाल सरकारले योगलाई स्वास्थ्य र कल्याणका लागि महत्वपूर्ण अभ्यासका रूपमा अघि सार्नु आवश्यक छ। रेको छ। विभिन्न विद्यालय, विश्वविद्यालय, र समुदायस्तरमा योग अभ्यासलाई प्रोत्साहित गर्न सकिन्छ।

**नेपाल आरोग्य पर्यटनको गन्तव्य बन्न सक्छ**

नेपाल योगको उत्पत्तिसँग जोडिएको देश मानिन्छ। योग प्राचीन वैदिक परम्पराबाट आएको हुनाले यसको जरा नेपाली समाज र धर्ममा गहिरो छ। विश्व उत्तिकै भूमिका रहेको छ।

अन्य पर्यटकको तुलनामा आरोग्य पर्यटकले ३० देखि ३५ प्रतिशत बढी खर्च गर्ने सन् २०२१ मा गरिएको एक अध्ययनले देखाएको छ। नेपालमा आउने पर्यटकहरू भनेको खासगरी आरोग्य पर्यटकहरू नै हुन्। यहाँको प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको स्वाद लिन नै उनीहरू आएका हुन्छन्। अब हामीले विधिवत् रुपमै छुट्टै गहिरो, प्रभावकारी अर्थतन्त्रमा टेवा पुग्ने गरी आरोग्य पर्यटनलाई विकास गर्नुपर्छ। आरोग्य पर्यटनको महत्व बुझेका देशहरूले यसलाई ब्राण्डिङ गर्न खोजिरहेका छन्।

योग दिवस नेपालमा स्वास्थ्य र आध्यात्मिकताको प्रवर्द्धनका साथै योगलाई राष्ट्रिय पहिचानका रूपमा स्थापित गर्ने अवसर हो। योगको महत्वका बारेमा जनचेतना अभिबृद्धि गर्ने र यसका सरल विधिहरूको जनसाधारणमा पहुँच पुऱ्याउने काममा यस दिवसलाई सबै तह र क्षेत्रले सार्थक बनाउनु पर्दछ। योग दिवसको यस अवसरमा योग साधना र अभ्यासलाई आफ्नो जीवनशैली बनाएर आरोग्य प्राप्त गर्न सकिन्छ। राष्ट्रिय योग दिवसले हामीमा योग, आरोग्य र समृद्धिको बाटोमा हिँड्न आत्मविश्वास र वातावरण तयार गरिदेओस्।

## *सरकारको ६ महिना...*

६ महिनासम्म देशको पूँजीगत खर्च १५ प्रतिशतभन्दा माथि जान सकेन। सरकार गठन हुने समयमा ५.४४ प्रतिशत रहेको महँगी बढेर अहिले ६.०५ प्रतिशत पुगेको छ। ब्याजदर घटे पनि बैंकमा ७ खर्ब तरलता छ। यसले अर्थतन्त्र चलायमान हुन नसकेको स्पष्ट देखिन्छ। सुशासन र सेवा प्रवाहको अवस्था कमजोर छ। मन्त्रीहरूकै कम्पनीले लिएका आयोजनाका ठेक्कामा ढिलासुस्ती छ। सरकारका संयन्त्रले काम गर्न नसक्दा बाह्य संयन्त्र र कार्यदल गठन गरेर सरकार त्यसकै वरिपरि घेरिएको छ। जनताले न सहज सेवाको अनुभूति गर्न पाएका छन् न सुशासनको प्रत्याभूति नै पाएका छन्।

सेवा प्रवाह सुधार्न नसकेको सरकार राजनीतिक स्थिरता र राष्ट्रिय सहमतिको मुद्दामा पनि अगाडि बढ्न सकेको छैन। सरकार र विपक्षी दलहरूबीचको दूरी बढ्दै गएको छ। सरकारले सदन बोलाउन छाडेर अध्यादेश मार्फत् शासन गर्न खोजिरहेको छ। कांग्रेस र एमालेले भनेका संविधान संशोधन लगायतका अजेन्डा केवल सत्ताका लागि भएको पुष्टि हुने प्रमुख प्रतिपक्षीको भनाइ छ। "अहिले भ्रष्टाचारीलाई संरक्षण गर्ने काममै प्रधानमन्त्रीको सबैभन्दा बढी समय बितिरहेको छ। राज्यका सबै निकायमा चरम हस्तक्षेप बढिरहेको छ र भ्रष्टाचारको मुद्दामा दोषी करार भएका र मुद्दा चलेका मान्छेबाटै दान लिने जस्ता असाध्य अस्वाभाविक कुरा भइरहेका छ", नेकपा माओवादी केन्द्रका प्रवक्ता अग्नि सापकोटाले बताउनुभयो। सरकार भने आमनागरिककै मुद्दामा केन्द्रित भएर काम गरिरहेकाले त्यसको परिणाम बिस्तारै देखिने भन्दै बचाउ गरिरहेको छ। अहिले सरकारले काम गर्न कानुनलाई बाधक देखाउँदै आएको छ। अब अध्यादेशबाट भए पनि कानुन संशोधन गरिएकाले आगामी दिनमा फटाफट काम हुने दाबी भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालको भनाइ छ।

सरकारले काम गरिरहेको दाबी गरिरहे पनि विश्लेषकहरू त्यो मान्न तयार छैनन्। सरकारले समाजको गति बुझ्न नसकेको, आन्तरिकरूपमा मात्र नभएर कूटनीतिक क्षेत्रमा समेत सन्तुलन कायम गर्न नसकेको बुझाइ उनीहरूको छ। "बजार सुस्त छ। व्यापार र उद्योग क्षेत्र निराश छ। बैंकमा पैसा थुप्रिएको छ तर त्यसलाई चलाउने कसैले पनि हिम्मत गरेको देखिँदैन। त्यसो भए मान्छेको दैनिक जीवनमा यसले केही सुगम बनायो त भनेर हेर्यौं भने त्यो पनि छैन। उस्तै मूल्यवृद्धि छ, कालोबजारी छ त्यहाँ पनि हामी सकारात्मक परिणाम देख्न सक्दैनौं", राजनीतिक विश्लेषक केशव दाहालले बताउनुभयो।

त्यसो त प्रधानमन्त्री ओलीले नै लक्ष्य अनुसार सरकार अघि बढ्न नसकेको स्वीकार गरिसक्नुभएको छ। विपद्का बेला नागरिकलाई समयमै राहत दिन नसकेको, पुनःनिर्माणको काम अघि बढ्न नसकेको र अर्थतन्त्र सुधारमा समेत अपेक्षित सफलता पाउन नसकेको बुझाइ प्रधानमन्त्रीको छ। तर त्यसको दोष उहाँले अघिल्लो सरकारले ल्याएको बजेट र कर्मचारी प्रशासनलाई थोपरेर आफू पन्छिने प्रयासमा हुनुहुन्छ। दुई ठूला दल मिलेर बनेको गठबन्धन सरकारले ६ महिनासम्म अलमलमै बिताउँदा आगामी दिनमा पनि लय समाउला भन्ने ठोस आधार देखिएका छैनन्।

## *माघे सङ्क्रान्तिमा...*

दिए। उनका अनुसार लहान -१५ भ्वाइ खोल्सी, लहान-९ लहानगोठ, लहान-२२ शिश्वनी, लहान-१२ भोटियाटोल र नरहा गाउँपालिकामा महोत्सवको आयोजना गर्न लागिएको हो। सिराहा जिल्लामा १२१ गाउँमा ३१ हजार जनसंख्या रहेको थारू समुदायले जितिया र माघी पर्वलाई आफ्नो पहिचान सामाजिक र पारिवारिक सुख शान्तिको कामना र प्रार्थना गर्न महोत्सवको आयोजना भइरहेको धनगढीमाई नगरपालिकाका उपप्रमुख संगीता चौधरीले बताए। पछिल्लो समय सिराहा जिल्लामा माघी महोत्सव मनाउने कार्यले राम्रो सन्देश दिइरहेको प्रष्ट पारे।

## *भन्सार...*

छलीका ३९ हजार मूल्य बराबरको लत्ताकपडा तथा एक लाख मूल्य बराबरको दुई वटा मोटरसाइकल एक लाख ३९ हजार मूल्य बराबरको मालसमान सहित दुवै जनालाई नियन्त्रणमा लिइएको प्रहरी निरीक्षक उमाशंकर प्रसादले बताए। भन्सार छलीका सरसमान, मोटरसाइकलसहित दुवै जना व्यक्तिलाई आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालय रौतहट लगिएको उनले जानकारी दिए।

## *अपहरित ...*

म्याद थप अनुमति लिइएको छ जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रवक्ता डीएसपी दिपक श्रेष्ठले बालकलाई सकुशल उद्धार गर्नु प्रहरीका लागि ठूलो उपलब्धि भएको बताउँदै, घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन प्रहरी प्रतिबद्ध रहेको जानकारी दिए।

# शिक्षा र स्वास्थ्यबीचको तादात्म्यताले मात्रै समृद्ध समाज निर्माण हुन्छ : शिक्षामन्त्री भट्टराई

काठमाडौं, १ माघ। शिक्षा, विज्ञान तथा प्रविविधमन्त्री विद्या भट्टराईले शिक्षा र स्वास्थ्यबीचको तादात्म्यताले मात्रै समृद्ध समाजको निर्माण गर्न सकिने बताउनुभएको छ। राष्ट्रिय योग दिवसको अवसरमा काठमडौंमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै शिक्षामन्त्री भट्टराईले यस्तो बताउनुभएको हो। उहाँले शिक्षासँग योग नजोडिकन समाजलाई समृद्ध बनाउन नसकिने बताए। शिक्षामन्त्री भट्टराईले योगलाई कक्षा कोठा र विद्यार्थीको जीवनसँग जोड्न बाँकी रहेको र अब आगामी शैक्षिकसत्रदेखि योगलाई विद्यार्थीको जीवनसँग जोड्ने प्रतिवद्धता जनाउनु भयो। शिक्षा र स्वास्थ्य आजको महत्वपूर्ण विषय भएको उल्लेख गर्दै शिक्षा र स्वास्थ्य राज्यका लागि पनि सुदृढ गर्नुपर्ने विषय रहेको बताउनुभयो। योगलाई जीवनमा ग्रहण गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो।

मन्त्री भट्टराईले भन्नुभयो, 'शिक्षा र स्वास्थ्य आजको महत्वपूर्ण विषय हो। यो राज्यका लागि पनि सुदृढ गर्नुपर्ने विषय छ। शिक्षा र स्वास्थ्यबीचको तादात्म्यताले मात्रै हामीले समृद्ध समाजको निर्माण गर्नसक्छौं। शिक्षासँग योग नजोडिकन हामीले समाजलाई समृद्ध बनाउन सक्दैनौं।'

मन्त्री भट्टराईले शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिएर अघि बढ्नसके मात्रै मुलुकलाई समृद्धितर्फ अघि बढाउन सकिने उल्लेख गर्नुभयो। शिक्षाको माध्यमबाट नै विगतमा समाजलाई जागरुक गरेको भएपनि अब आम नागरिकमा जागरुकता ल्याउन योग र ध्यानको आवश्यक रहेको बताउनुभयो।

# निर्माणको चरणमा रामजानकी फनपार्क



**रवीन्द्र उप्रेती**

बर्दीबास, १ माघ। मधेश प्रदेशकै गौरवको आयोजना मानिएको बर्दीबासस्थित रामजानकी फनपार्क निर्माणको चरणमा प्रवेश गरेको छ। नगरपालिकाले वडा नं १४ स्थित रातु नदीको तटवर्ती क्षेत्रमा रामजानकी फनपार्क निर्माणका लागि जग्गा व्यवस्थापन प्रक्रिया सुरु गरेको जनाएको छ। नगरप्रमुख प्रहलाद क्षेत्रीले बर्दीबासको पहिचान, पर्यटन र संस्थागत विकाशमा टेवा पुऱ्याउने उद्देश्यले रामजानकी फन पार्क निर्माणको योजना अघि सारेको बताए। रातु किनाराको ४० बिघा क्षेत्रफलमा निर्माण हुने रामजानकी फन पार्कको प्रारम्भिक लागत ४२ करोड रुपियाँ अनुमान गरिएको छ। यसका लागि नगरपालिकाले जग्गा व्यवस्थापनको औपचारिक प्रक्रिया सुरु गरिसकेको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राममणि अधिकारीका अनुसार फनपार्क निर्माणका लागि आवश्यक ३९ बिघा जग्गामध्ये ३६ बिघा ऐलानी र सवा ३ बिघा जति नम्बरी जग्गा छन्। नम्बरी जग्गा अधिग्रहणका लागि नगरपालिकाले गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गरी प्रक्रिया अघि बढाइसकेको उनले जानकारी दिए। ऐलानी जग्गा उपयोगका लागि पनि बर्दीबास मालपोत कार्यालयमार्फत प्रक्रिया सुरु भइसकेको छ। मालपोतबाट जिल्ला प्रशासन र अभिलेख विभाग हुँदै मन्त्रिपरिषद्को निर्णयले यसको टुङ्गो लाग्छ। त्यसपछि मालपोत र नगरपालिकाबिच जग्गा अधिग्रहणका लागि सम्झौता हुने कानुनी प्रावधान छ।

उनले भने, "जग्गा अधिग्रहणका लागि बर्दीबास मालपोतमार्फत प्रक्रिया अघि बढी सकेकाले सम्भवतः केही समयपछि नै हामी संरचना निर्माण सुरु गर्नेछौं।" आफैँमा महत्त्वाकाक्षी योजना मानिएको यो पार्कको डिपिआर पनि तयार भइसकेको छ। ग्रिन टेक कन्सलटेन्ट प्रालिले तयार पारेको डिजाइन अनुसार पार्कमा जनकपुरको प्रसिद्ध जानकी मन्दिरलाई प्रतीकात्मक रुपमा डिजाइन गरिएको छ। यसैको महत्त्व दर्शाउन पार्कको नाम नै 'रामजानकी' राखिएको हो। यसका साथै जलक्रीडाका लागि वाटर फन पार्क, वनवाटिका ( बोटानिकल पार्क), बाल मनोरञ्जन, सांस्कृतिक संग्रहालय, रेस्टुरेन्टलगायत मनोरञ्जनका विविध आयाम समायोजन गरिएको डिपिआरमा उल्लेख छ।

सार्वजनिक चासो र चर्चाको विषय बनेको रामजानकी फन पार्कलाई एकैपटक ५० हजार आगन्तुकले अवलोकन गर्न सकिने कन्सलटेन्टका इन्जिनियर आश्रम श्रेष्ठले बताउनुभयो। उहाँका अनुसार फन पार्कको संरचना ५ वर्षभित्र निर्माण सम्पन्न हुने गरी डिजाइन गरिएको छ। पार्कमा विविध मनोरञ्जन, आधुनिक सुविधा र स्वैर परिकल्पनासाथ संरचना डिजाइन गरिएको श्रेष्ठको भनाइ छ। यो परियोजनालाई नगर कार्यसमितिको बैठकले पनि सर्वसम्मत अनुमोदन गरेकाले कार्यान्वयनको चरणमा प्रवेश गरेको जनाइएको छ। नगरप्रमुख प्रहलाद क्षेत्रीले मनोरञ्जन मानवको मौलिक हक भएकाले यसलाई मूर्तरुप दिन रामजानकी फन पार्कको परिकल्पना गरिएको बताए।

# मधेसी दलले संविधान संशोधनमा साझा धारणा बनाउने

काठमाडौं, १ माघ। मधेस केन्द्रित राजनीतिक दलहरूले संविधान संशोधनमा साझा धारणा बनाएर अघि बढ्ने सहमति गरेका छन्। मंगलबार काठमाडौंमा बसेको मधेसकेन्द्रित राजनीतिक दलहरूको कार्यदलस्तरीय बैठकले यस्तो निर्णय गरेको हो। संविधान संशोधन गर्दा मधेसको मुद्दालाई सशक्त रूपमा सम्बोधन गर्नुपर्ने भएकाले साझा धारणा बनाएर अघि बढ्ने भन्दै उनीहरूले सहमति गरेका हुन्। दुईदलीय प्रणालीमा लैजाने, थ्रेस होल्डलगायतका विषयले देशको राजनीतिलाई नै असर पार्ने काम भइरहेकाले साझा ढंगले अघि बढ्ने सहमति समेत भएको जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीले जानकारी दिए।

मधेसकेन्द्रित राजनीतिक दलहरू अब मोर्चा बनाएर अघि बढ्ने भन्दै उनले आगामी बैठकमा साझा एजेन्डा तयार गरिने बताए। विभिन्न कारणवश मधेस केन्द्रित दलहरू विभाजित भएको भन्दै अब सहकार्य गर्ने प्रण गरिएको र वार्ता समितिलाई सक्रिय बनाएर अघि बढ्ने उनले बताए। बैठकमा जनता प्रगतिशील पार्टीलगायत राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, स्वतन्त्र सांसद अमरेशकुमार सिंहलगायत सहभागी थिए। उपेन्द्र यादव नेतृत्वको जसपा नेपाललाई पनि बैठकमा बोलाए पनि कार्यव्यस्तताका कारण उपस्थित हुन नसकेको र अर्को बैठकमा सहभागी हुने जवाफ आएको त्रिपाठीले बताए।

# खो खो विश्वकपः नेपाली महिला टोलीको लगातार दोश्रो जीत

काठमाडौं, १ माघ। भारतमा जारी खो खो विश्वकपमा नेपालको महिला टोलीले मंगलबार लगातार दोश्रो खेल जितेको छ। नेपालले आफ्नो दोश्रो खेलमा जर्मनीलाई ७३–३४ ले हराएको छ। यसअघि आजै भएको आफ्नो पहिलो खेलमा नेपालले भुटानलाई ९३–२४ ले हराएको थियो। सरस्वती कठायतको कप्तानीमा रहेको महिला टोली नेपालले भोलि तेस्रो खेल खेल्दैछ। नेपालले बुधबार दिउँसो साढे २ बजे श्रीलंकासँग खेल्नेछ। नेपालले पर्सि बिहिवार बंग्लादेशसँग खेल्ने छ।

समूह 'सी' मा नेपालसहित, भुयन, जर्मनी, बंगलादेश र श्रीलंका छन्। हरेक समूहबाट शीर्ष दुई टोली क्वाटरफाइनलमा प्रवेश गर्ने छन्। पुरुषतर्फ समूह 'ए' मा रहेको नेपालले पहिलो खेलमा भने भारतसँग ४२–३७ ले पराजित भएको थियो। पुरूष टोलीले आज बेलुका पौने ७ बजे पेरूसँग खेल्दै छ।

# धनुषाधाममा मकर मेला




धनुषा, १ माघ। धनुषाको प्रसिद्ध धार्मिकस्थल धनुषाधाममा आज बिहानैदेखि एकमहिने मकर मेला सुरु भएको छ। मेलाको व्यवस्थापन धनुषाधाम नगरपालिकाले गर्दै आएको छ। मेलामा देशका विभिन्न भागका साथै भारतबाट पनि धेरै श्रद्धालु आउने गरेका छन्। सीता स्वयम्वरका बेला श्रीराम धनुष उठाउँदा त्यसको एक टुक्रा आकाश, अर्को पाताल र बिचको भाग धनुषाधाममा झरेको किंवदन्ती छ। धनुषको टुक्रा खसेको जनकपुरधामको पोखरी धनुष सागरका नामले चिनिन्छ। यो स्थानमा धनुष बाबाको मन्दिर पनि छ जहाँ हरेक वर्ष माघमा मेला लाग्ने गरेको छ। भक्तजनले धनुषको टुक्रामा पुष्प एवं जल अर्पण गर्ने चलन छ। पाँच मकर स्नान गरेर धनुष भगवानरुको दर्शन गरेपछि सय रामेश्वरमको दर्शन गरेको पुन्य प्राप्त हुने जनविश्वास छ।

# माघे संक्रान्तिको दिन सखरखण्डको मूल्य घट्यो, तरूलको कति छ?

काठमाडौं, १ माघ। मंगलबार माघेसंक्रान्तिका दिन सखरखण्डको मूल्य घटेको छ। कालिमाटी तरकारी बजारको मूल्यसूची अनुसार यसदिन सखरखण्डको मूल्य केजीको ३० रूपैयाँले घटेको छ। माघ १ दिन अर्थात माघेसंक्रान्तिको दिन तरूल र सखर खण्डको बढी खपत हुने गरेको छ। यसदिनलाई कतिले तरूल खाने दिनको रूपमा पनि लिने गर्छन्। यस दिन तरूल भने अघिल्लो दिनकै मूल्यमा किनबेच भएको छ। मंगलबार कालिमाटी तरकारी बजारमा तरूल प्रतिकेजी १०० देखि ११० रूपैयाँको मूल्यमा किनबेच भएको छ। त्यस्तै सखरखण्ड ६० देखि ७० रूपैयाँको



बीचमा बिक्री भएको छ। अघिल्लो दिन सखरखण्ड ९० देखि १०० रूपैयाँको बीचमा बिक्री गरिएको थियो। माघे संक्रान्ति विशेषगरी तरूल र चाकुको चाड हो। सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने भएकाले हरेक वर्ष माघ १ लाई माघे संक्रान्तिको रूपमा मनाइन्छ। यस दिन घ्यू, चाकु, तिलको लु (तिलौरी), खिचडी, तरूल आदि खाने चलन छ। तरूललाई पुस मसान्तका दिन नै उसिनेर माघ १ गते खाइन्छ। नेपाली उखानै छ, 'पुसमा पाके, माघमा खाके' अर्थात् पुसमा पकाएर माघमा खाने। मंसिरदेखि माघसम्म कन्दमुल खन्ने उपयुक्त समय मानिन्छ। माघपछि विस्तारै अन्य खेतीपातीको समय सुरू हुन्छ। सामान्यतः पानी पर्ने समयमा कन्दमुल खनिँदैन। नयाँ बाली भित्र्याउने समयमा केही न केही विशेष खाने भएकाले माघे संक्रान्तिमा तरूल खाने चलन आएको सोडारी बताउँछन्।

# एसईईको नियमित तथा ग्रेडवृद्धिको परीक्षा तालिका सार्वजनिक

काठमाडौं, १ माघ। राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयले कक्षा १० ले शैक्षिक सत्र २०८१ को माध्यमिक शिक्षा परीक्षा (एसईई) को नियमित तथा ग्रेडवृद्धि समयतालिका सार्वजनिक गरेको छ। सार्वजनिक तालिका अनुसार एसईई चैत ७ गतेदेखि शुरू हुने र १९ गते सकिनेछ। परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म चल्नेछ। परीक्षाको नतिजा २०८२ सालको पहिलो हप्ताभित्र प्रकाशित गरिसक्ने आज सार्वजनिक कार्य तालिकामा उल्लेख छ। परीक्षार्थीले रजिस्ट्रेसन/परीक्षा आवेदन फाराम भर्दा फाराममा उल्लेख गरेको जन्ममिति र नाम थरको हिज्जे कार्यालयबाट उपलब्ध गराइएको कन्ट्रोल लिस्टसँग रुजु गरी फरक परेमा फरक परेको विवरण संशोधन गर्नुपर्ने अवस्थामा सम्बन्धित विद्यालयले संशोधन गर्नुपर्ने विवरण २०८२ साल वैशाख मसान्त भित्रमा अनिवार्य रूपमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमार्फत वा सीधै यस कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध गरिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)